कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
समाचार र विचारको स्वतन्त्र संवाहक
कालपृष्ठ
वर्षः २९, अंकः७८
बिहीबार, २९ असोज २०८३
(Thursday, 15 Oct. 2026)
पृष्ठः ४, मूल्यः १०।-
kalpristhanews.com
राष्ट्रिय दैनिक
'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा
हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

महिलालाई कुटपिट गरेपछि स्वयम्भू प्रहरीको हिरासत पुगेका थिए सांसद सुनार

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २८ असोज

राष्ट्रिय स्वतन्त्र पार्टी (रासवपा) का सांसद खगेन्द्र सुनार महिला हिंसासँग जोडिएको एक अडियो प्रकरणमा फेरि जोडिएका छन्। तर उनको विगत पटक पटक यस्ता विवादमा पर्दै आएका छन्।

एक महिलामाथि हिंसा गरेको, ज्यान मार्नेसम्मको धम्की दिएको, अपशब्द बोलेको अडियो सार्वजनिक भएपछि उनी विवादमा तानिएका हुन्। सांसद सुनारको बालेको दाबी गर्दै जनआस्था साप्ताहिकको अनलाइन संस्करणले सार्वजनिक गरेको उक्त अडियोले सुनारमाथि नैतिक प्रश्न उठाएको छ।

सार्वजनिक अडियो र त्यहाँ संवाद गरिएकी महिलासँगको सम्बन्ध तथा हिंसाको विषय पुरानो रहेको देखिन्छ। अडियो सार्वजनिक भएपछि यसबारे बुझ्दै जाँदा सांसद सुनार केही पहिले प्रहरी हिरासत पुगेको समेत भेटिएको छ।

स्रोतका अनुसार सार्वजनिक अडियोमा बोलेकी महिला विवादमा तानिएका सुनारलाई भेट्न त्यतिबेला प्रहरी वृत्त स्वम्भूको हिरासत पुगेकी थिइन्।



२०७८ ताका ती महिला सीतापाइला क्षेत्रमा बस्थिन्। त्यतिबेला ती महिला र सुनारबीच लेनदेन सम्बन्धी विवाद भएको बुझिएको छ। त्यतिबेला सुनारले ती महिलालाई कुटपिट गरेको आरोप लागेको थियो।

राजनैतिक नेतृ रहेकी ती महिलामाथि कुटपिट भएपछि पर्सनल सेक्युरेटी अफिसर (पीएसओ)ले प्रहरी प्रधान कार्यालयको भीआईपी सुरक्षा हेर्ने सुरक्षा सेवा निर्देशनालयमा जानकारी गराएका थिए।

त्यसपछि प्रहरी हेडक्वाटरबाट उक्त सूचना जिल्ला प्रहरी परिसर काठमाडौं पुगेको थियो। त्यतिबेला काठमाडौंका प्रमुख तथा एसएसपी सुदीप गिरी थिए। स्वयम्भू क्षेत्रको घटना भएपछि प्रहरी वृत्त स्वयम्भूलाई एसएसपी गिरीले घटनाबारे अनुसन्धान गर्न निर्देशन दिएका थिए।

त्यसपछि प्रहरीले सुनारलाई पक्राउ गरेर ल्याएको थियो। प्रहरीले सुनारलाई हिरासतमा राखेर अनुसन्धान अघि बढाएपछि ती महिला उनलाई भेट्न प्रहरीकोमा पुगेकी थिइन्।

ती महिलाले सुनारलाई आफ्नो जिम्मामा छाड्न प्रहरीलाई भनेकी थिइन्। एक दिन हिरासत बसेपछि दुई जनाबीच मिलापत्र गरेर भोलिपल्ट सुनार छुटेको उच्च स्रोतले अनलाइनखबरलाई बतायो। ती महिलालाई सुनारले पटक-पटक महिला हिंसा तथा कुटपिट गरेको आरोप छ।

विवादित पृष्ठभूमिका उनै सुनार अहिले अडियो सार्वजनिक भएपछि फेरि विवादमा तानिएका छन्। सार्वजनिक अडियोमा सुनार दाबी गरिएका व्यक्तिले एक महिलालाई तथानाम गाली गरेका छन्। उनका छोरालाई मार्ने काट्ने धम्की दिएका छन्। परपुरुषसँग सम्बन्ध रहेको भन्दै आरोप लगाएका छन्। नेताहरूको नाम जोड्दै उनीहरूसँगको उठबस र लसपस गरेको भन्दै अश्लील शब्द मार्फत् गाली गरेको सुनिन्छ।

यो विषय आफ्नो नोटिसमा रहेको भन्दै रास्वपाले सुनारमाथि आन्तरिक छानबिन अघि बढाएको छ। सांसदको भूमिकामा सार्वजनिक कार्यक्रममा बोल्न समेत रास्वपाले सुनारलाई प्रतिबन्ध लगाएको छ।

तर अहिलेसम्म कोही-कसैबाट अडियोको विषयलाई लिएर सुनारविरुद्ध उजुरी नआएको प्रहरीले बताएको छ। नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अविनारायण काफ्लेले भने, 'अडियोको विषयमा अहिलेसम्म उजुरी आएको छैन। उजुरी आएको अवस्थामा कानुनी प्रक्रिया अघि बढ्छ' प्रवक्ता काफ्ले भन्छन्।

प्रहरीमा उजुरी नआए पनि सुनारमाथि नैतिक प्रश्न भने उठेको छ। सुन्नै नसकिने शब्दहरू बोल्ने, र काट्ने मार्नेसम्मको धम्की दिने व्यक्ति सांसदको हैसियतामा रहिरहन मिल्छ कि मिल्दैन भन्ने नैतिक प्रश्न रास्वपा र सुनार दुवै तर्फ तेर्सिएको छ। पहिल्यै पुलिस केशदेखि मिलापत्रसम्म भए पनि नैतिक प्रश्न भने सांसद सुनारमाथि बाँकी नै छ।

त्यसो त यस बाहेक पनि सुनारको विगत भने विवादित नै छ।

बाँकी ३ पृष्ठमा

धमाधम फेला पर्दै अवैध हतियार

कालपृष्ठ समाचारदाता

बर्दिया, २८ असोज

चाडपर्व नजिकिँदै गर्दा बर्दियामा बेवारिसे अवस्थामा हतियार फेला पर्ने क्रम बढेको छ। पछिल्लो पटक ठाकुरबाबा नगरपालिका-३ गोदानास्थित कोपिला सामुदायिक वनमा मङ्गलबार कटुवा पेस्तोल फेला परेको छ। चालु आर्थिक वर्षको साउनदेखि हालसम्म जिल्लाका विभिन्न स्थानबाट चार वटा बेवारिसे हतियार फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक टेकबहादुर देउवाका अनुसार स्थानीयको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बगनाहाको टोलीले कोपिला सामुदायिक वनको जङ्गलबाट खिया लागेको कालो रङको कटुवा पेस्तोल बरामद गरेको हो। उक्त पेस्तोल कानुनी प्रक्रिया पूरा गरी आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय बगनाहामा सुरक्षित राखिएको उनले बताए।

यसअघि गत जेठ २४ गते सोही सामुदायिक वनमा बेवारिसे अवस्थामा भरुवा बन्दुक फेला परेको थियो। स्थानीय महिला दाउरा खोज्न जाँदा बन्दुक देखेपछि प्रहरीलाई खबर गरेका थिए।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सरोज पौडेलले गत वैशाखदेखि अवैध हतियार नियन्त्रणका लागि 'स्विप अपरेसन' सञ्चालन गरिएकाले बेवारिसे अवस्थामा हतियार फेला पर्ने क्रम बढेको बताए। उनका अनुसार अवैध हतियार नियन्त्रण अभियानले चाडपर्वका बेला हुन सक्ने सुरक्षा चुनौती न्यूनीकरण गर्न सहयोग पुग्नेछ।

यसअघि गत साउन २२ गते बढैयाताल गाउँपालिका-७ कर्णालीपुरस्थित सडकछेउको झाडीबाट कटुवा पेस्तोल फेला परेको थियो।

यस्तै, गत भदौ २४ गते बढैयाताल गाउँपालिका-२ स्थित सिर्जनशील सामुदायिक वनमा बन्दुकमा प्रयोग हुने एक थान नालसहित भरुवा बन्दुक फेला परेको थियो। गत भदौ २५ गते गेरुवा गाउँपालिका-२ बालुवातार जाने सडकछेउको झाडीबाट पनि कटुवा पेस्तोल बरामद भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

भारतसँग सीमा जोडिएको बर्दियामा सामुदायिक वन क्षेत्रमा चोरीसिकारी हुने गरेको छ। त्यसलाई मध्यनजर गर्दै प्रहरीले सामुदायिक वन क्षेत्रमा निगरानी बढाउँदै आएको प्रहरी उपरीक्षक पौडेलले बताए। प्रहरीको निगरानी बढेपछि अवैध हतियार राख्नेलाई समस्या परेको हुन सक्ने र हतियार लुकाउने क्रममा बेवारिसे अवस्थामा फेला परेको हुन सक्ने उनको भनाइ छ।





मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers Nepalgunj
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

बडादसैँका विविध स्वरूप



सीताकुमारी न्यौपाने धिताल

शक्तिस्वरूपा दुर्गा भगवतीको विशेष आराधना गर्ने विशेष अवसर हो- बडादसैँ । दुर्गा सप्तशती चण्डीमा पनि शारदीय नवरात्रमा गरिने देवी उपासनाको विशेष महत्त्व बताइएको छ । आश्विन शुक्ल प्रतिपदाको बिहान घटस्थापना गरिन्छ । त्यही घडामा देवीको आह्वान गरिन्छ । नवरात्रभर उनकै पूजा आराधना गरिन्छ । विशेष गरी दुर्गाका नौ रूप- शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको आराधना गरिन्छ ।

सनातन परम्परामा विशेष गरी शक्तिको उपासना गरी नवरात्र मनाइन्छ। नौ दिन (विशेषतः नौ रात्रि) नवदुर्गाको आराधना गरिने भएकाले यो अवधिलाई नवरात्र भनिन्छ। १० औँ दिन नवदुर्गाको प्रसाद ग्रहण गरी अनुष्ठान सम्पन्न गरिन्छ। शाक्त परम्परा (शक्तिको उपासना गर्ने) मा वर्षमा चार वटा नवरात्र उल्लेख छ। पहिलो आषाढ शुक्लपक्ष। दोस्रो आश्विन शुक्लपक्ष। तेस्रो माघ शुक्लपक्ष र चौथो चैत्र शुक्ल पक्ष।

वर्षमा चार वटा नवरात्रको विधान गरिए पनि नेपाली समुदायमा दुई नवरात्रको मात्र जानकारी छ, मनाइन्छ। वसन्त ऋतुको चैत महिनामा पर्ने भएकाले यसलाई वासन्ती नवरात्र भनिन्छ। नेपाली समाजमा वासन्ती नवरात्रमा पनि अष्टमी (चैतेदसैँ) र नवमी (रामनवमी) लाई महत्व दिइन्छ। दोस्रो शारदीय नवरात्र। शरद ऋतु (आश्विन) मा मनाइने नवरात्र शारदीय हो। यो भारतमा दशहराका रूपमा प्रसिद्ध छ। नेपालमा बडादसैँका रूपमा मनाइन्छ। धार्मिक रूपमा चारै वटा नवरात्रका विधान एउटै हुन् तर अरू विभिन्न कोणबाट हेर्दा शारदीय नवरात्रको विशेष महत्व छ।

धार्मिक पक्ष

शक्तिस्वरूपा दुर्गा भगवतीको विशेष आराधना गर्ने विशेष अवसर हो- बडादसैँ। दुर्गा सप्तशती चण्डीमा पनि शारदीय नवरात्रमा गरिने देवी उपासनाको विशेष महत्व बताइएको छ। आश्विन शुक्ल प्रतिपदाको बिहान घटस्थापना गरिन्छ। त्यही घडामा देवीको आह्वान गरिन्छ। नवरात्रभर उनकै पूजा आराधना गरिन्छ। विशेष गरी दुर्गाका नौ रूप- शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको आराधना गरिन्छ।

घडामा शक्तिकी देवी महाकाली, धनकी देवी महालक्ष्मी, विद्या र बुद्धिकी देवी महासरस्वतीको पनि अर्चना गरिन्छ। यस क्रममा वेदमा भएका देवीस्तुति, देवीभागवत महापुराण र दुर्गा सप्तशती पाठ गरिन्छ। नौ दिनसम्म यो क्रम चल्छ। दशमीका दिन विसर्जन गरी प्रसाद लगाइन्छ। विभिन्न सिद्ध शक्तिपीठमा पशुबलिसहितको पूजा आराधना चल्छ। यो अवधिमा शक्तिपीठमा पुगेर देवीको दर्शन गर्ने चलन छ। काठमाडौँमा गुह्येश्वरी, भद्रकाली, मैतीदेवी, नक्साल भगवती, शोभा भगवती र नवदुर्गाका साथै बाहिर पलाञ्चोक भगवती, पाल्चोक भगवती, बागेश्वरी, गढीमाईलगायत शक्तिपीठ गन्तव्य बन्छन्। स्थानीयस्तरका देवी मन्दिरमा पनि श्रद्धालु पूजाआराधना गर्न पुग्छन्। काठमाडौँ उपत्यकाका विभिन्न सहरमा रहेका तलेजु भवानीको विशेष पूजा हुन्छ। यसै बेला जीवित देवी कुमारीको पनि पूजा हुन्छ।

सांस्कृतिक पक्ष

विशेष गरी देवीलाई नौ दिनसम्म चढाएका यवांकुर (जौका जमरा) वा घडामा जौ टाँसेर बनेका जमरा दशमीमा प्रसादका रूपमा लगाउने विधि छ। अहिले घटस्थापनाका दिन देवीको पूजास्थलमै माटो वा बालुवामा जौ छरिन्छ। कतै कतै द्वितीयाको चन्द्रमा हेरेर पनि जौ छर्ने (जमरा राख्ने) चलन छ। यसमा दिनहुँ मात्रा मिलाएर जल सिञ्चन गरिन्छ। टुसाउन थालेपछि कपडा वा डालोले छोपेर पहेँलो बनाइन्छ। यही पहेँलो जमरा टीकासँगै मान्यजनको हातबाट लगाइन्छ। देवीको पूजा गरी बनेको प्रसादस्वरूपको टीका सामान्यतया रातो (रक्तचन्दन वा अबिरमा मुछेका) हुने भए पनि कतिपय समुदाय-संस्कृतिमा सेता अक्षता (दहीमा मुछेको) लगाउने चलन पनि छ।

सप्तमीका दिन शुभसाइतमा परिवारका सबै दाजुभाइ जम्मा पनि बलियो बनाएको देखिन्छ। नौ प्रकारका वनस्पति (केरा, दारिम, धान, बेसार, मानक, कर्चुर, जयन्ती, बेल र अशोक) दसैँघरमा भित्र्याइन्छ। देवीलाई तिनको पत्रबाट स्नान गराइन्छ। ती पत्रमा देवीहरूको पूजा गरिन्छ। गोरखा दरबारबाट ल्याइएको फूलपाती काठमाडौँको दसैँघरमा भित्र्याउने संस्कृति छ। नवरात्रभर प्रत्येक दिन एक-एक वा महानवमीका दिन नौ कन्या पूजा गर्ने, उनीहरूलाई वस्त्र-अलङ्कार प्रदान गर्ने चलन पनि छ।

पारिवारिक पक्ष

पढाइ वा रोजगारीको सिलसिलामा देशविदेशमा छरिएर रहेका परिवारका सदस्य सकेसम्म बडादसैँमा मूलघरमा पुग्छन्। बढीमा फूलपाती वा महाष्टमीका दिनसम्म भए पनि घर पुगेकै हुन्छन्। घरमा हुने धार्मिक अनुष्ठानमा सहभागी हुन्छन्। परिवारका सदस्यबिच वर्ष दिनभरका सुखदुःखका भलाकुसारी चल्छ। खसीबोका काट्ने मासु तयार पार्ने र तिनका परिकार बनाउन खट्छन्। विजयादशमीमा भएर हजुरबुवा-हजुरआमा, बुबा-आमासँग प्रसाद ग्रहण गर्छन्। आशिष् थाप्छन्। टीकाको क्रम सकिएपछि सबै सदस्य एकै ठाउँमा बसेर भोजन गर्छन्। कतिपय स्थानमा दशमीका दिन मात्र टीका प्रसाद लगाइने भए पनि कति ठाउँमा पूर्णिमासम्म लगाउने चलन छ। घरमा टीका लगाएर मावली, बुढो मावली, ससुरालीलगायतकहाँ जाने चलन छ।

सामाजिक पक्ष

वर्ष दिनमा वा बर्सौंपछि साथीसङ्गीसँग भेट हुने अवसर पनि हो- बडादसैँ। गाउँ गाउँ डुलेर छिमेकीका हालखबर बुझ्ने, दौँतरी भेटेर सुखदुःखका भलाकुसारी गर्ने, सार्वजनिक ठाउँमा पिङ हाल्न लागिपर्ने, छिमेकीका सानातिना काम सघाइदिने बडादसैँको विशेषता नै हो। परिवारका धेरै सदस्य नभएको घरमा खसी काट्न, मासु तयार पार्न सघाइदिने, त्यसबेला गाउँघरका हाल बुझ्ने जस्ता कार्यले सामाजिक पक्ष आर्थिक अवस्था कमजोर भएकालाई सहयोग गर्ने वा कुनै एक दिन छिमेकका सबै मिलेर खानपान गर्दै भलाकुसारी गर्ने गरेको पनि पाइन्छ। कतिले यही मौकामा गाउँका सानाठुला समस्या समाधानका लागि पहल गरेको पनि पाइन्छ।

आर्थिक पक्ष

पहिले पहिले गाउँघरमा नयाँ लुगाका लागि दसैँ नै पर्खिनु पर्थ्यो। यातायातको व्यवस्था थिएन र गाउँबाट धेरै घण्टा हिँडेर सहर आएर आफूलाई चाहिने कपडा, मसला आदि लैजाने चलन थियो। अहिले त्यो अवस्था छैन। घरआँगनमै पसल छन्। केही दुरीमै ठुला बजार छन्। साथमा पैसा भए मन लागेका बेला जतिखेर नै किन्न सकिन्छ। लुगाफाटा सर्वसुलभ बनेका छन् तर पनि दसैँमा एक जोर भए पनि नयाँ लुगा हाल्नु पर्छ भन्ने मान्यता अझै पनि अधिकांशमा छ। ठुलालाई नभए पनि केटाकेटीलाई अनिवार्य रूपमा लुगादेखि जुत्तासम्मका वस्तु नयाँ किन्ने चलन छ।

बडादसैँ लाग्नुअघि नै चामलदेखि मरमसलासम्मका वस्तु अलि निकै जोहो गर्ने चलन छ। धेरैले दसैँलाई मासुको चाड भनेर पनि चिन्छन्। पहिले पहिले त गाउँघरमा मासु खानका लागि दसैँ नै पर्खिनुपर्ने अवस्था थियो। दसैँमा सकेसम्म घरमा खसी, बोका काट्ने नभए बजारबाट पर्याप्त मात्रामा मासु ल्याएर खाने र टीका लगाउन आउनेलाई समेत खुवाउने चलन छ। मासुसँगै चिउराको विशेष महत्व छ। मांसाहारीले मासु खाने र मासु नखानेले दही, दुध, घिउ, पनिरका विभिन्न परिकारका साथै फलफूल, मिठाई खान्छन्। शाकाहारीले दहीचिउरा केरा मुछेर खान्छन्। यो नेपालीको मौलिक खानेकुरा हो।

टाढा टाढा बसेका परिवारका सदस्य घर फर्किने, आफन्तहरू टीका लगाउन ओहोरदोहोर गर्ने हुँदा यातायात क्षेत्रमा चलायमान हुने रकमको मात्रा ठुलो छ। परिवारका सदस्य वा आफन्तलाई कोसेली र टीका लगाउन आउनेहरूलाई दिइने दक्षिणामा पनि ठुलो रकम खर्च हुन्छ। केही वर्षअघि त राष्ट्र बैङ्कले समेत नयाँ नोट साट्ने गर्थ्यो, टीका लगाएर दक्षिणा दिनेका लागि भनेर। अहिले पनि सफा र सुकिला नोट भनेर साटिदिने गरेकै छ। दसैँमा धेरै खर्च हुने भएकाले सरकारी वा निजी क्षेत्रका कार्यालयमा कर्मचारीलाई दसैँखर्चबापत बोनस वा अन्य नाममा खर्च दिने चलन छ।

जागिरेबाहेक कृषक तथा पशुपालकले घरमा पालेका खसीबोका बेचेर दसैँका लागि पैसाको जोहो गर्छन्। अरूले आफ्ना उत्पादन बेचेर पैसा जम्मा गर्छन्। यसरी बडादसैँका बेला ठुलो मात्रामा आर्थिक कारोबार हुन्छ।

–गोरखापत्र

स्वास्थ्य

दसैँमा मासु : छनोट, भण्डार र पकाएर खाँदासम्म के–के कुरामा ध्यान दिने ?

प्रतीक जोशी

दसैँ नेपालीहरूको सबैभन्दा ठूलो र महत्त्वपूर्ण चाड हो। यस अवसरमा घर-घरमा मासुजन्य परिकार पकाउने र खुवाउने चलन छ। टीका, आशीर्वाद, आफन्तसँगको भेटघाट र रमाइलोसँगै मासुको भोज पनि दसैँको एउटा अभिन्न सांस्कृतिक अंग हो।

चाडको यस उमंगमा हामी प्रायः बिर्सिने कुरा हो- सुरक्षित मासु कसरी चिन्ने, कसरी किन्ने, कसरी भण्डारण गर्ने, कसरी पकाउने र कसरी खाने भन्ने विषय।

असावधानीपूर्वक पकाइएको र खाइएको मासुले पेट दुख्ने, पखाला लाग्नेदेखि लिएर गम्भीर खाद्यजन्य रोगसम्म निम्त्याउन सक्छ।

के हो रातो मासु र सेतो मासु ?

सामान्यतया मासुलाई दुई मुख्य समूहमा बाड्न सकिन्छ- रातो मासु र सेतो मासु।

रातो मासु भनेको खसी, बोका, राँगा, भैँसी, सुँगुर जस्ता ठूला स्तनधारी पशुको मासु हो। यसमा मायोग्लोबिन नामक प्रोटिन बढी मात्रामा पाइने भएकाले यो रातो रंगको देखिन्छ। दसैँमा खसी तथा च्यांग्राको मासु प्रमुख परिकारको रूपमा पकाउने गरिन्छ।

सेतो मासु भनेको कुखुरा, हाँस जस्ता चरा प्रजातिको मासु र माछा पर्दछ। यसमा मायोग्लोबिन कम हुने हुँदा रङ हल्का हुन्छ।

रातो र सेतो मासुमा के भिन्नता छ ?

रातो मासुमा प्रोटिन, आइरन, जिंक र भिटामिन बी१२ प्रशस्त मात्रामा पाइन्छ, जुन शरीरका लागि लाभदायक हो। तर यसमा स्याचुरेटेड फ्याट पनि बढी हुने भएकाले धेरै मात्रामा र बारम्बार सेवन गर्दा मुटुसम्बन्धी समस्या, उच्च कोलेस्टेरोल र मोटोपनाको जोखिम बढ्न सक्छ।

सेतो मासु विशेषतः छाला निकालेर पकाइएको कुखुराको मासुमामा बोसो कम र प्रोटिन बढी हुने भएकाले यसलाई तुलनात्मक रूपमा हल्का र सजिलै पच्ने मानिन्छ।

यसको अर्थ रातो मासु पूर्णतः त्याग गर्नुपर्ने हो भन्ने होइन। चाडपर्वमा मिठो र परम्परागत परिकारको रूपमा यसलाई खान सकिन्छ, तर मात्रामा सन्तुलन कायम



राख्न आवश्यक छ। एकैचोटि धेरै मासु नखाई तरकारी, दाल, फलफूल र पानीको सेवनलाई पनि साथसाथै निरन्तरता दिनुपर्छ।

किन आवश्यक छ मासुको खाद्य स्वच्छतामा ध्यान दिन ?

दसैँको समयमा एकैसाथ धेरै पशुपंक्षी काटिने, बजारमा मासुको माग र आपूर्ति दुवै हवात्तै बढ्ने हुँदा गुणस्तर नियन्त्रणमा चुनौती देखापर्छ। नराम्ररी काटिएको, असावधानीपूर्वक प्रशोधन गरिएको वा भण्डारण गरिएको मासुमा साल्मोनेला, ई-कोलाई, क्याम्पाइलोब्याक्टर जस्ता ब्याक्टेरिया हुन सक्छन्, जसले खाद्यजन्य रोग निम्त्याउन सक्छन्।

वाकवाकी लाग्ने, बान्ता हुने, पखाला लाग्ने, पेट दुख्ने, ज्वरो आउने जस्ता लक्षणहरू खराब मासु खाएको केही घण्टादेखि १-२ दिनभित्र सम्म देखा पर्न सक्छन्। त्यसैले तलका सामान्य तर व्यावहारिक सुझावहरू पालना गर्नु उपयुक्त हुन्छ।

मासु किन्दा ध्यान दिनुपर्ने कुरा

-भरपर्दो ठाउँबाट किन्ने

-रङ र गन्ध जाँच्ने

-ताजा मासुको रङ स्वाभाविक रातो मासुमा गाढा रातो, कुखुराको मासुमा गुलाबी हुन्छ। खराब गन्ध आएमा वा रङ फिक्का र धूमिल देखिएमा त्यो नकिन्नु राम्रो।

-पशुपन्छी स्वस्थ भएको यकीन गर्ने

-चिसोमा राखिएको मासुलाई प्राथमिकता दिने

घरमै वध गर्दा के मा ध्यान दिने ?

विशेषगरी, दसैँमा धेरै घरपरिवारले घरमा आफैँ पनि खसी-बोका काट्ने चलन छ, जुन सामान्य दिनमा हुँदैन। यसका लागि छुट्टै सावधानी अपनाउनु आवश्यक देखिन्छ। काट्ने ठाउँ सफा र छुट्टै राख्ने, पछि राम्ररी सफा गर्ने।

रगत र भुँडी लगायतका फोहोर तुरुन्त र उचित तरिकाले व्यवस्थापन गर्ने, किनकि यसले झिंगा र किटाणु आकर्षित गर्छ।

साना बालबालिकालाई काट्ने प्रक्रियाबाट टाढा राख्ने।

पशु काट्नुअघि नै बिरामी वा असामान्य देखिएको छ भने त्यसको मासु नखाने।

मासु भण्डारण

-छिटो फ्रिज गर्ने : मासु किनेपछि जति सक्दो चाँडो फ्रिज वा फ्रिजरमा राख्नुहोस्। बाहिरी वातावरणको तापक्रममा दुई घण्टाभन्दा बढी नराख्नुहोस्, विशेषतः गर्मी वा वर्षायाम भए झन् चाँडो बिग्रन सक्छ।

-काचो र पकाएको मासु छुट्टाछुट्टै राख्ने

-काचो मासु काट्ने चक्कु, चप्पिङ बोर्ड र भाँडा अन्य खानाका लागि प्रयोग गर्नुहुँदैन।

पकाउँदा अपनाउनुपर्ने सावधानी

भित्रसम्म राम्ररी पकाउने : मासु भित्रसम्म राम्ररी पाकेको हुनुपर्छ। बीचमा रातो वा गुलाबी नरहोस् भन्नेमा ध्यान दिनुपर्छ। विशेषतः कुखुराको मासु आधाकाचो राख्दा साल्मोनेला संक्रमणको जोखिम धेरै हुन्छ।

-हात र भाँडा सफा राख्नेस् काचो मासु छोएपछि साबुनपानीले हात धुनुहोस्। भाँडाकुँडा पनि राम्ररी माझ्नुहोस्।

-पकाएको मासु धेरै दिन राखेर नखाने

सन्तुलित खाना खाने

-मासुसँगै सलाद, फलफूल, हरियो तरकारी पनि खानुहोस्।

-पानी र तरल पदार्थ प्रशस्त सेवन गर्नुहोस्।

-धेरै तेल-मसलायुक्त परिकारभन्दा सन्तुलित पकाइएको मासु रोज्नुहोस्।

-मुटु, मृगौला वा पेटसम्बन्धी दीर्घरोग भएका व्यक्तिले रातो मासु सेवनमा विशेष ध्यान दिनुपर्छ

-साना बालबालिका, गर्भवती महिला र वृद्धवृद्धाले राम्ररी पाकेको, ताजा मासु मात्र खानुपर्छ।

–अनलाइनखबर

लोककल्याणकारी विज्ञापन व्यवस्थित र पारदर्शी बनाउन कानुन निर्माण हुँदैछः सांसद थारु

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, असोज २८



प्रतिनिधिसभा सदस्य ठाकुर सिंह थारुले लोककल्याणकारी विज्ञापनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सरकारले कानुन निर्माणको प्रक्रिया अघि बढाएको बताएका छन् ।

नेपाल पत्रकार महासंघ बाँके शाखाले बुधबार नेपालगञ्जमा आयोजना गरेको चाडपर्व विशेष शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै सांसद थारुले लोककल्याणकारी विज्ञापनमा ठूलो बेरुजु देखिएको उल्लेख गर्दै यसको व्यवस्थापनका लागि कानुनको मस्यौदा तयार भइरहेको जानकारी दिएका हुन् ।

बर्दिया क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद तथा नेपाल पत्रकार महासंघ बाँके शाखाका पूर्व अध्यक्ष समेत रहेका थारुले सञ्चारमन्त्रीसँगको भेटमा आफूले लोककल्याणकारी विज्ञापनको विषयलाई प्राथमिकताका साथ उठाएको बताए। सञ्चारमन्त्री यस विषयमा सकारात्मक र प्रतिबद्ध देखिएको उल्लेख गर्दै उनले समस्या छिट्टै समाधान हुने विश्वास व्यक्त गरे ।

थारुले पत्रकारिताको गरिमा र विश्वसनीयता जोगाउन आवश्यक रहेकोमा जोड दिँदै पत्रकारिता, सञ्चार माध्यम र व्यक्तिगत सामाजिक सञ्जालका सामग्रीबीचको भिन्नता बुझ्नुपर्ने बताए। पत्रकारिताको जिम्मेवारी र मर्यादालाई सामाजिक सञ्जालमा व्यक्त गरिने व्यक्तिगत विचारसँग जोडेर हेर्न नहुने उनको भनाइ थियो। आफूले नेतृत्व गरेको संस्थाले सम्मान गरेकोमा खुसी व्यक्त गर्दै उनले महासंघको संस्थागत विकासका लागि गरिने यस्ता प्रयासको प्रशंसा गरे ।

नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाईले पत्रकारिताको व्यावसायिकता, मर्यादा र विश्वसनीयता कायम राख्न पत्रकारहरू स्वयं जिम्मेवार र प्रतिबद्ध हुनुपर्नेमा जोड दिए। पत्रकारिता क्षेत्रप्रति जनविश्वास अभिवृद्धि गर्न सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण, आचारसंहिताको पालना र जिम्मेवार पत्रकारितालाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो। उनले पत्रकारहरूको हकहित संरक्षणसँगै उनीहरूको क्षमता विकास र संस्थागत सुदृढीकरणमा महासंघले प्रभावकारी भूमिका खेल्नुपर्ने बताए।

नेपाल पत्रकार महासंघ बाँके शाखाका अध्यक्ष नवीन गिरीले महासंघको कार्यसमितिमा रहेर संस्थागत विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका पूर्व पदाधिकारी तथा अग्रजहरूलाई सम्मान गर्ने संस्कारको सुरुवात गरिएको बताए। यसलाई थप बृहत् बनाउँदै आगामी दिनमा सम्मानको शृङ्खला निरन्तरता दिइने उनले उल्लेख गरे। पत्रकारिता क्षेत्रलाई स्वच्छ, मर्यादित र जिम्मेवार बनाउन सबै पत्रकार प्रतिबद्ध हुनुपर्नेमा जोड दिँदै गिरीले पत्रकारहरूको क्षमता विकास, संस्थागत सुदृढीकरण र पत्रकारिताको गरिमा अभिवृद्धिका लागि शाखा क्रियाशील रहेको बताए ।

कार्यक्रममा विजयादशमी, तिहार, नेपाल संवत् ११४७ तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान गरिएको थियो। सोही अवसरमा महासंघको संस्थागत विकासमा योगदान पुऱ्याएका पूर्व अध्यक्ष, पूर्व पदाधिकारी, पूर्व सदस्य तथा पूर्व सल्लाहकारहरूलाई सम्मान गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि सांसद थारु, विशिष्ट अतिथि नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष चौलागाईं र शाखा अध्यक्ष गिरीले सम्मान गरेका थिए। शाखाका पूर्व अध्यक्ष थारु र प्रदेश अध्यक्ष चौलागाईंलाई पनि अध्यक्ष गिरीले सम्मान गरेका थिए ।

कार्यक्रममा महासंघका पूर्व अध्यक्षहरू निरजकुमार गौतम र झलक गैरे, नेपाल प्रेस युनियन बाँकेका अध्यक्ष कमल खत्री, क्रियाशील पत्रकार महिला बाँकेकी अध्यक्ष सावित्री गिरी, अग्रज पत्रकार अछरी पोखरेल तथा महासंघका पूर्व उपाध्यक्ष सिराज खान लगायतले चाडपर्वको शुभकामना व्यक्त गरेका थिए। महासंघ बाँके शाखाका सचिव कृष्ण ओलीले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष रेजिना मल्लले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् ।

पहिलो पृष्ठबाट बाँकी

महिलालाई...

सुनारमाथि २०८१ असारमा सुर्खेतको मेहेलकुना अस्पतालमा तोडफोड तथा स्वास्थ्यकर्मीमाथि हातपात गरेको आरोपसमेत लागेको थियो। उनीमाथि अस्पताल प्रमुखले मुद्दा हालेका थिए।

त्यस्तै, २०८० असारमा सुनारविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसुरमा मुद्दा चलाइएको थियो। उक्त प्रकरणमा जिल्ला प्रशासन कार्यालय सुर्खेतमा २० हजार रूपैयाँ धरौटी बुझाएर उनी रिहा भएका थिए।

सुनारविरुद्ध महिला अधिवक्ता मनीषा गौतमको जाहेरीका आधारमा विद्युतीय कारोबारसम्बन्धी कसुरमा काभ्रे जिल्ला अदालतमा मुद्दा दायर भएको थियो।

यता गम्भीर आरोप लागेका सुनारले भने सामाजिक सञ्जालमा भिडियो सार्वजनिक गर्दै आफू छानबिनमा सघाउन तयार रहेको बताएका छन्। उनले आफूले कुनै अपराध गरेको प्रमाणित भए कानुनअनुसारका परिणाम भोग्न तयार रहेको दाबी गरेका छन्।

'म जनताको बीचमा उठेका प्रत्येक प्रश्नको जवाफ दिन तयार छु। म जनताको कठघरामा सार्वजनिक ठाउँमा जतिबेला पनि उभिन तयार छु,' सुनारले भनेका छन्।

पार्टी र राज्यका निकायले गर्ने अनुसन्धानमा सहयोग गर्ने बताउँदै उनले आवश्यक परे पार्टीबाट निलम्बित हुन र सांसद पदबाट निलम्बित हुनसमेत तयार रहेको बताएका छन्।

'राज्यले गरेको, पार्टीले गरेको सबै खालका छानबिनमा म सघाउन तयार छु। मैले केन्द्रीय समितिबाट पनि निलम्बित हुनुपर्छ भने म तयार छु। सांसदबाट निलम्बित हुन पनि म तयार छु,' उनले भिडियोमा भनेका छन्।

तर, सुनारले सार्वजनिक अडियो आफ्नो नभएको दाबी गरेका छन्। उनले एआई लगायतका माध्यमबाट आफ्नो आवाजको नक्कल गरेर आफूलाई फसाउन खोजिएको दाबी उनको छ।

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा सम्पूर्ण उद्योगी, व्यवसायी, कर्मचारी, व्यापारीलगायत देश तथा विदेशमा रहनुभएका नेपालीहरुमा सुख, शान्ती, सु-स्वास्थ्य, दीर्घायु एवम् समृद्धिको हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
नेपालगन्ज उद्योग वाणिज्य संघ परिवार
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा सम्पूर्ण उद्योगी, व्यवसायी, कर्मचारी, व्यापारीलगायत देश तथा विदेशमा रहनुभएका नेपालीहरुमा सुख, शान्ती, सु-स्वास्थ्य, दीर्घायु एवम् समृद्धिको हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
नेपाल जडीबुटी व्यवसायी संघ परिवार
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा सम्पूर्ण उद्योगी, व्यवसायी, कर्मचारी, व्यापारीलगायत देश तथा विदेशमा रहनुभएका नेपालीहरुमा सुख, शान्ती, सु-स्वास्थ्य, दीर्घायु एवम् समृद्धिको हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
महिला उद्यमी संघ नेपाल बाँके परिवार
नेपालगन्ज, बाँके

समाचार र विचारको स्वतन्त्र संवाहक
kalpristhanews.com

बाँके जिल्ला स्तरिय फुटबल प्रतियोगिता: ब्रोदर्स र अप्सरा विजयी

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २८ असोज



बाँकेको खजुरामा जारी जिल्ला स्तरिय फुटबल प्रतियोगितामा बुधबार सम्पन्न खेलमा ब्रोदर्स एफसी र एफसी विजयी भएका छन्। न्यू डाँफे स्पोर्ट्स क्लब खजुराको आयोजनामा असोज २५ देखि सञ्चालन भइरहेको प्रतियोगितामा बुधबार सम्पन्न पहिलो खेलमा ब्रोदर्स एफसीले ३ - ० अन्तरले चन्द्र ज्योति स्पोर्ट्स क्लबलाई पाखा लगाउँदै जित निकाल्यो।

ब्रोदर्स एफसीका तर्फबाट जर्सी नम्बर १७ का विपिन सिजालिले २ र जर्सी नम्बर ७ का समीर विकले थप गोल गर्दै जित सुनिश्चित गरेका थिए। बुधबार सम्पन्न दोस्रो खेलमा एफसी अप्सरा कोहलपुर विजयी बन्यो। खेलको निर्धारित समयसम्म दुवै टिमको गोल २- २ भएपछि खेल ट्राईबेकरमा गएको थियो। खेल अवधि सम्म एफसी सिमलघारिको तर्फबाट जर्सी नम्बर ९ का गोपाल रावलले र जर्सी नम्बर ४ का अरूण नेपालीले गोल गरे। अप्सरा एफसीका जर्सी नम्बर ७ का दिवस खड्काले गोल गरे। एक गोल एफसी सिमलघारिका खेलाडी आत्मघाती गोल हुँदा खेल बराबरीमा पुगेको थियो। ट्राईबेकरमा ७-६ को अन्तरले एफसी अप्सरा विजयी बनेको क्लबका अध्यक्ष बालाराम खत्रीले जानकारी दिए।

प्रतियोगितामा बिजेता हुने टिमले नगद ५१ हजार १ सय ११ साथमा ट्रफि मेडल र प्रमाणपत्र र उप विजेता टिमले ३१ हजार १ सय ११ सहित ट्रफि मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। प्रतियोगितामा मुख्य प्रायोजकका रूपमा नेपालगन्ज न्यूरो हस्पिटलले सहकार्य गरेको क्लबका अध्यक्ष खत्रिले जनाए।

क्लबका संरक्षक खजुरा गाउँपालिका ४ डि गाउँ निवासी हाल अमेरिका रहेका समाजसेवी लिल बहादुर थापाले प्रतियोगिताको पुरस्कार राशि सौजन्य गरेका हुन। प्रतियोगितामा १५ टिमले सहभागिता जनाएको न्यू डाँफे स्पोर्टस क्लवका सचिव तेजेन्द्र योगिले जनाए। दशै र तिहारको अवसर पारि आइतबार देखी शुभारम्भ गरिएको प्रतियोगिता कार्तिक २ गतेसम्म चल्ने न्यू डाँफे स्पोर्टस क्लबका उपाध्यक्ष दान बहादुर गुरुङले जानकारी दिए। असोज २५ देखि सुरु भएको प्रतियोगिता कार्तिक २ गतेसम्म चल्ने छ।

कर्माछिरिङ शेर्पा नेपाली कांग्रेस केन्द्रीय सदस्यमा निर्वाचित

कालपृष्ठ समाचारदाता

काठमाडौं, २८ असोज



अखिल नेपाल फुटबल संघ (एन्फा)का निवर्तमान अध्यक्ष कर्माछिरिङ शेर्पा नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा निर्वाचित भएका छन्। कांग्रेसको १५औं महाधिवेशनमा शेर्पाले आदिवासी जनजाति क्षेत्रबाट केन्द्रीय सदस्य पदमा उम्मेदवारी दिएका थिए। आदिवासी जनजाति क्षेत्रबाट शेर्पासँगै १२ जना सदस्य पदमा निर्वाचित भएका छन्। यस विधामा ४१ जनाले चुनावी मैदानमा प्रतिस्पर्धा गरेका थिए।

निर्वाचित भएपछि शेर्पाले पार्टीभित्र आदिवासी जनजातिको प्रतिनिधित्वलाई थप प्रभावकारी बनाउँदै राज्यका विभिन्न तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न निरन्तर आवाज उठाउने बताए।

खेल क्षेत्रमा लामो अनुभव बटुलेका शेर्पा नेपाली फुटबलका चर्चित नाम हुन्। शेर्पाले कांग्रेसलाई समावेशी, युवा तथा खेलमैत्री पार्टीका रूपमा थप सुदृढ बनाउन सक्दो प्रयत्न गर्ने प्रतिबद्धता पनि जनाएका छन्।

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा अभिभावक, विद्यार्थी,
शिक्षक, कर्मचारी, व्यवस्थापन समिति, शुभचिन्तक
एवम् देश तथा विदेशमा रहनु भएका
सम्पूर्ण नेपालीमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
नेपालगन्ज हेल्थ क्याम्पस परिवार
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा अभिभावक, विद्यार्थी,
शिक्षक, कर्मचारी, व्यवस्थापन समिति, शुभचिन्तक
एवम् देश तथा विदेशमा रहनु भएका
सम्पूर्ण नेपालीमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
इन्सिटिच्युट अफ कृष्टल नलेज बोर्डिङ स्कुल परिवार
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा अभिभावक, विद्यार्थी,
शिक्षक, कर्मचारी, व्यवस्थापन समिति, शुभचिन्तक
एवम् देश तथा विदेशमा रहनु भएका
सम्पूर्ण नेपालीमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
भृकुटी माध्यमिक विद्यालय परिवार
नेपालगन्ज, बाँके


विजया दशमी, तिहार तथा छठ पर्व २०८३ को अवसरमा हाम्रा बचतकर्ता, सेयर सदस्य, कर्मचारी, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।
गुरूकुल बचत तथा ऋण सहकारी संस्था लि. एवम् परिवार
नेपालगन्ज, (बाँके)



कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।

विजया दशमी, तिहार तथा छठ पर्व

२०८२ को अवसरमा हाम्रा अभिभावक, विद्यार्थी, शिक्षक, कर्मचारी, व्यवस्थापन समिति, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय



शुभकामना

व्यक्त गर्दछौं ।



धम्बोझी माध्यमिक विद्यालय *परिवार*

नेपालगन्ज-१, धम्बोझी बाँके



वनजंगल फडानी गरी अतिक्रमण तरिकाले संरचना बनाउनु कानुनी अपराध हो ।

साथै

विजया दशमी, तिहार तथा छठ पर्व

२०८३ को अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक







डिभिजन वन कार्यालय

नेपालगन्ज, बाँके

CLASSIC TECH

छोयो कि चल्यो

VACANCY ANNOUNCEMET

Brightland School at Nepalgunj 10, requires professionally competent teachers, having minimum 3 years of experience with bachelor degree in relevent subjet as following;

S.N.	Post	Level
1.	Nepali teacher	Basic Level
2.	Serofero teacher	Basic Level
3	English teacher	Basic Level
4	Grade teacher	Pre-School Level

Interested candidates may submit their resume, handwritten cover letter and a recent photograph within 3 days.

Email : brightlandhss@gmail.com

BRIGHTLAND SCHOOL

Nepalgunj -10, Banke

WiFi-6
SINCE 2021

CLASSIC TECH

३ महिना तिर्नुहोस्,
७ महिना चलाउनुहोस्

जडान रु. ३ मा

200 Mbps | RS. 5,700/*

T&C APPLY



9709184147
sales@classic.com.np





आईडी कार्ड
मात्र
रु. १५०/-

सम्पर्क:
मो. ९८५८०४२५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप

बाँके जिल्ला फुटबल संघ

क्लब नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना।

सूचना प्रकाशित मितिः २०८३-०१-११ गते शुक्रबार

उपरोक्त सम्बन्धमा यस बाँके जिल्ला फुटबल संघमा आवद्ध सम्पुर्ण(ए डिभिजन तथा बि डिभिजन) क्लबहरूले यस अघि मिति २०८२ माघ १५ गते भित्र क्लब दर्ता गरेको वा नवीकरण गरेको स्थायी पान नम्बर, वार्षिक आय व्यय विवरण(लेखा परिक्षण प्रतिवेदन), बैंक खाता सहित आ-आफनो विधान बमोजिम हालसालै सम्पन्न गरेको साधारण सभाबाट निर्वाचित वा पुर्नगठित गरेको आधिकारिक कार्यसमितिको नामावली सहित सम्पुर्ण विवरण तथा कागजातको प्रतिलिपि बाँके जिल्ला फुटबल संघमा बुझाउन हुन यो सूचना प्रकाशित गरिएपनि केहि क्लबहरूले यस बाँके जिल्ला फुटबल संघमा हालसम्म कुनै कागजात नबुझाएको हुनाले यसै सूचना मार्फत संघले मागेको कागजातहरु मिति २०८३ वैशाख १८ गते सम्म उपलब्ध गराउन हुन अन्तिम पटक यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि अबिलम्ब संघमा सम्पर्क गर्नुहुन अनुरोध समेत गरिन्छ।

कमल खत्री
महासचिव

जानकी गाउँपालिकाको कार्यालय
(नक्शा उपशाखा)
जानकी, बाँके

अभिलेख /घर नक्शा नियमित सम्बन्धी सूचना

जानकी गाउँपालिका वडा नं. ३ (बाँके) बस्ने श्री जयसियाराम म्यानुफेक्चुरिङ्ग इन्डष्ट्रिज प्रा.लि.को नाममा दर्ता रहेको साविक वडा नं. इन्द्रपुर-९(क) कि.नं.१६२४,१०५,७४०,१०८,१०९,४२८,४२९ सिट नं. ९'क' क्षेत्रफलः ४५०३.७५ व.मी जग्गामा मिति २०६९/१०/१४ मा कि.नं. १०८,१०९ मा ढाई तले घर निर्माण भयको र मिति २०८१/१२/२५ मा कि.नं. १६२४, १०५, ७४०, ४२८, ४२९ मा ट्रष्ट निर्माण भयको उक्त घरको अभिलेख /घर नक्शा नियमित कार्यका लागी मिति २०८२/०१/०३ मा नक्सासहितको निवेदन पेश गर्नु भएकोले उक्त अभिलेख /घर नक्शा नियमित सम्वन्धी कार्य परियोजनको लागि प्रक्रिया पूरा गरी स्थलगत सरजमिन बुझ्दा पुर्व- कि.नं.५२५, पश्चिम कि.नं. ७४३,२८७ १४३, उत्तर- कि.नं. गुलरिया हाईवे र दक्षिण कि.नं.- ७१८, ७१७, ७१६, ७१५, ७१४, ७१३, १६६८, १६३७ को संधियारहरू फिल्डमा उपस्थित नहुनु भएकोले कोही कसैको दावी / विरोध भए आफ्नो स-प्रमाणसहितको यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा जानकारी गराउनुहोला। अन्यथा कानून बमोजिम निजको नाममा अभिलेख /घर नक्शा सम्पन्न भैजाने व्यहोराको सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

नेपालगन्ज उप–महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजश्व शाखा
नेपालगन्ज, बाँके

सम्पूर्ण नगरवासीमा अनुरोध

"हामिले तिरेको कर हाम्रै नगर विकासको लागि"

व्यवसाय दर्ता/नविकरण सम्बन्धमा

नेपालगन्ज उप-महानगरपालिका क्षेत्र भित्रका सबै प्रकारका व्यवसायिक संस्था यस कार्यालयमा दर्ता गरि जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्नुहुन सम्पूर्ण व्यवसायीहरूमा अनुरोध गर्दछौ। नविकरणको हकमा यहि असोज मसान्तभित्र गरेमा १५% छुट हुनेछ। साथै लामो समयदेखि नविकरण नभएका व्यवसायको हकमा चालु आ.ब. सहित पछिल्लो तीन बर्षदेखिको दस्तुर लिई सो अधिको दस्तुर छुट दिइएको हुँदा मौकाको फाइदा उठाउन हुन सम्बन्धित सबै नगरवासीहरूमा अनुरोध गर्दछौ।

बहालकर सम्बन्धमा

कुनै व्यक्ति वा संस्थाले व्यवसायिक वा अन्य प्रयोजनको लागि भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा लगायतका संरचना एवं जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा लगाएमा बहालकर तिर्नुपर्ने कानूनी व्यवस्था छ। संस्थागत बहाल करको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०२/२० मा संस्थागत बहालकर स्थानीय तहको हुने भनि फैसला समेत भएको हुँदा उल्लेखित कुनै संरचना बहालमा दिने उद्यमी, व्यवसायी, सरकारी कार्यालय, विद्यालय, संघ, संस्था लगायतले नेपालगन्ज उप-महानगरपालिकाको स्थानीय आर्थिक ऐन बमोजिमको बहालकर समयमै बुझाउनुहुन अनुरोध गर्दछौं।

जानकी गाउँपालिकाको कार्यालय
(नक्शा उपशाखा)
जानकी बाँके

अभिलेख घर सम्पन्न सम्बन्धी सूचना

जानकी गाउँपालिका वडा नं. ३ (बाँके) बस्ने श्री नारायण थारुको नाममा दर्ता रहेको साविक वडा नं. इन्द्रपुर-९(क) कि.नं. १९०५, क्षेत्रफलः ९५.२४ व.मी जग्गामा घर निर्माण गर्नका लागि मिति २०८२/०४/१५ मा नक्सासहितको निवेदन पेश गर्नु भएकोले उक्त घरनक्सा पास कार्य परियोजनको लागि प्रक्रिया पूरा गरी स्थलगत सरजमिन बुझ्दा पुर्व- कि.नं.बाटो, पश्चिम कि.नं. कि.नं.२६७, उत्तर- कि.नं.९३५ र दक्षिण कि.नं.- १९०६ को संधियारहरू फिल्डमा उपस्थित नहुनु भएकोले कोही कसैको दावी / विरोध भए आफ्नो स-प्रमाणसहितको यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा जानकारी गराउनुहोला। अन्यथा कानून बमोजिम निजको नाममा घरनक्सा पास भैजाने व्यहोराको सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

साकार कृषि सहकारी संस्था लि.
राप्तसिोनारी ६ टेपरी बाँके

३५ दिने कर्जा तिर्न आउने अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०८३/०४/१५)

यस संस्था बाट तपशिलमा उल्लेखित ऋणी हरूले बिभिन्न समयमा लिएको कर्जा रकम संस्था लाई समय समयमा तिर्नु पर्ने बुझाउनु पर्ने साँवा तथा ब्याज नबुझाई संस्था संग गरेको कर्जा सम्वन्धी शर्त बन्देज हरू पालना गनुपर्ने भएकोले तपाईहरूले सो शर्त बन्देजहरू पालना नगरेकोले तपाई हरूको कर्जा लाई भाखा नाघेकोमा बर्गीकरण गरी तपाईहरूले तिनुर्नपर्ने साँवा ब्याज लगाएतका सबै संस्था ले लिनुपर्ने रकम भुक्तान गर्न पटक पटक लिखित मौखि ताकेता गर्दा समेत संस्थाको लेना रकम बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाईहरूले यस संस्था लाई तिर्न पर्ने रकम यथा सिघ्र चुक्ता गर्नहुन यो सूचना जारी गरीएको छ। यो सूचना प्रकाशित भएको ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखि आफुले लिएको कर्जा को साँवा ब्याज तथा अन्य शुल्कहरू भुक्तान गर्नुहोला , अन्यथा संघिय सहकारी ऐन २०७४ सहकारी नियमावलि २०७५ लुम्बिनि प्रदेश सहकारी ऐन २०७५ र नियमावली २०७६ साथै संस्थाको बिनियम २०७८ कर्जा निमावलि २०७६ अनुसार तपाई तथा तपाइको एका घर परीवारको चल अचल सम्पति धितो लिलाम गरी संस्थाले आफनो लेना रकम असुल उपर गर्ने ब्यहोरा जानकरी गरीको छ।

क.स.	नाम थर	ठेगाना	धितो /जमानी	फोटो
१	ऋणीको नाम -: गंगीया थारु ससुराको नाम -: करु थारु श्रीमानको नाम -: चुलुवा थारु सदस्यता नं. - ७५७४	राप्तीसोनारी गाँउपालिका- ६, छटकपुर बाँके	बाँके फत्तेपुर ९ग १२८ कित्ता क्षेत्रफल ०-१७-७-०	
२	ऋणीको नाम -: श्रीमती इश्वरी देवि खड्का ससुराको नाम -: सेवक राम खड्का पतिको नाम-: तिलक बहादुर खड्का सदस्यता नं. ११००६	राप्तीसोनारी गाँउपालिका- ६, सिधनवा बाँके	बाँके फत्तेपुर ८ग कित्ता नं.४३२ क्षेत्रफल ०-१६-१४.२५-०	
३	ऋणीको नाम -: धर्मा देवी खड्का बुवाको नाम -: तारा बहादुर बसनेत श्रीमानको नाम-: युद्ध बहादुर खड्का सदस्य नं. ३०३३	राप्तीसोनारी गाँउपालिका- ६, सिधनवा बाँके	जमानत	

साकार कृषि सहकारी संस्था लि.
राप्तसिोनारी ६ टेपरी बाँके

ऋणीहरूलाई कर्जा चुक्ता गर्ने अवहान गर्दा ऋण नतिरेकोले धितो रहेको सम्पत्ति लिलाम बिक्री गर्न शिलबन्दि बोलपत्र आवहान गरीएको दोस्रो पटक प्रकाशन गरीएको ७ दिने सूचना

सूचना प्रकाकाशित मिति २०८१/११/०७

यस साकार कृषि सहकारी संस्था लि.का तपशिलका ऋणी सदस्यले विभिन्न मितिमा कर्जा लिई कर्जाको भाखा नघाई कर्जा तिर्न कुनै चाँसो नदेखाएको र विभिन्न मितिमा लिखित मौखिक कर्जा तिर्न ताकेता गर्दा पनि अनेकौ बहाना गरी आलटाल गरेको बहाना बनाएकोले कर्जा तिर्ने ३५ दिने १५ दिने र ७ दिने कर्जा तिर्ने अत्यन्त जरुरी सुचना विभिन्न दैनिक पत्रीकामा प्रकाशन गर्दा पनि कुनै कर्जा तिर्न चासो नराखेकोले तपशिलका ऋणीहरूको कर्जा लिदाँ राखेको धितो जयजेथालाई लिलाम प्रकृयाबाट असुल उपर गर्ने अभिप्रयायले निज ऋणी हरूको ७ दिने धितो लिलाम सूचना प्रकाशन गरीएको छ। ईच्छुक ब्यक्तिले शिलबन्दि बोलपत्र कार्यालय बाट खरीद गरी आवश्यक कागजात सहित बोल कबोल रकमको ५% धरौटि रकम सहित पेश गर्नु होला।

क्र.सं.	कर्जा शिर्षक नं.	ऋणी नाम	ठेगाना	धितो लिलाम हुने जग्गाको बिवरण
१	९७९९	पदमराज पुरी	दैजनाथ गाँउपालिका ८ बाँके	टिटरीया २ बाँके कि.निं.४१४र ४१५ क्षेत्रफल ८३० बर्गमिटर

शर्तहरू

१) बोलपत्र फारम यस संस्थाको कार्यालयबाट रु ५००/- फिर्ता नहुने गरी तिरी खरदि गर्न सकिनेछ। फोटोकपि गरेको फारम मान्य हुनेछैन।
२) बोलपत्र दाताले लिलाम सुचनाको आधारमा ऋणीको नाम लिन चाहाने ब्यक्तिको बिवरण बोलपत्र फारममा स्पस्ट रूपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पतिको मुल्य अंक र अक्षरमा समेत भर्नुपर्नेछ।
३) ब्यक्तिगत भए नेपाली नागरीताको प्रमाणपत्रको प्रतिलिपि फर्म भए फर्म दर्ताको प्रतिलिपि पेस गर्नुपर्नेछ।
४) बोलपत्र कबोल गरेको रकम को ५% रकम संस्थाको मेगा बैंकको कारकाँदो शाखामा रहेको खाता नं. २७२०१०५०००००१५४ मा नगद वा सो अनुसारको बैक ग्यारेन्टी को सक्कल भौचर संलग्न गराउनुपर्ने छ।
५) लिलाम हुने धितो सुरक्षण निरक्षण गर्न चाहेमा बोलपत्र पेश गर्न अगावै कार्यालय समयमा सम्पर्क राखि हेर्न सकिनेछ। लिलाम हुने धितो जे जस्तो अवस्थामा छ सोहि अवस्थामा वा सोहि परीमाणमा स्विकार्नु पर्नेछ।
६) न्युनतम मुल्य भन्दा कम रकम उल्लेख गरी पेस भएका बोल पत्रहरू सोतह रद्ध हुनेछन।
७) परेका बोल पत्रहरू मध्येबाट स्विकृत भएको बोल पत्र वालाले सुचना पाएको ३० दिन भित्र बोल कवोल गरेका सम्पुर्ण रमक बुझाई सम्पति आफनो नाममा नामसारी गरी सक्नुपर्नेछ।
८) बोलबबोल दाखिल भईसकेपछि बोल पत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन टुंगो नलागे सम्म धरौटी रकम फिर्ता दिईने छैन।
९) रति नपुगी आएको म्यादनाघी आएका बोलपत्र सोतह रद्ध हुने छन।
१०) प्राप्त हुन आएका बोलपत्रहरू स्विकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पुर्ण अधिकार यस सहकारी संस्थाको संचालक समितिमा रहनेछ।
११) बोलपत्र बदर वा सदर हुन अगावै ऋणीले सम्पुर्ण कर्जा चुक्ता गरी बुझाएमा प्राप्त बोल पत्रहरू रद्ध गरीफिर्ता दिन सकिनेछ।
१२) बोलपत्र दरखास्त अन्तिम मिति २०८१/०९/१० गते हुनेछ , सो दिन सार्बजनिक बिदा हुन गएमा सोको भोलिपल्ट ५ सम्म बजे सम्म हुनेछ।
१३) बोल पत्र खोलिने मिति २०८१/०९/११गते हुने छ।

नेपालगन्ज उप–महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

सीप विकास तालिममा सहभागि हुन आधारभूत तह पश्चात विद्यालय बाहिर रहेका इच्छुक बालबालिकाहरूले आवेदन पेश गर्ने सम्बन्धि सूचना ।।।

सूचना प्रकाशन मितिः २०८२/११/२८ गते

यस पालिकाको चालु आर्थिक वर्षका लागि बाल मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रममा संघीय सरकारको विशेष अनुदानबाट आधारभुत शिक्षा पश्चात विद्यालय शिक्षा (९-१२ निरन्तरता दिन नसकि) बाट बन्चित भएका बालबालिकाहरूले जीवनउपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) अन्तरगत देहायका सीपमूलक तालिम प्याकेजहरू सञ्चालन गरिनेहुँदा आधारभूत शिक्षा (कक्षा १-८ उत्रिर्ण) गरे पश्चात विद्यालय बाहिर (९-१२ सम्मको शिक्षा निरन्तरता दिन नसकि बिचैमा छोडेका) रहेका बालबालिकाहरूले देहायका तालिम स्किम मध्ये प्रति बालबालिकाले आफ्नो रुचि अनुसार कुनै एक स्किममा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस नेपालगन्ज उप-महानगरपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा तपशिलको कागजात सहित आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासन गरिएको छ।

देहायः

क्र.सं.	तालिमको नाम/प्रकृति	सञ्चालन हुने दिन	सहभागि जना
१	मम तथा फाष्टफूट बनाउने तालिम,	७ दिन	६०
२	कपडामा बुट्टा तथा जरी भर्ने तालिम,	१५ दिन	३०
३	च्याउ खेति तालिम,	७ दिन	३०
४	जेन्स कपाल काट्ने तालिम,	३०दिन	३६
५	नर्सरी तथा बगैचा डेकोरेसन तालिम	७ दिन	४०
	जम्मा		**१९६ जना**

आवेदन साथ पेश गर्नु पर्ने कागजातहरूः

१ जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि
२ कक्षा ८ उत्रिर्णको शैक्षिक प्रमाणपत्र
३ सम्वन्धित वडा कार्यालयबाट कक्षा ८ उत्रिर्ण पछि विद्यालय बाहिर(९-१२ कक्षा सम्म निरन्तरता दिन नसकी) रहेको व्यहोरा सिफारिस पत्र
४ सहभागिहुन इच्छुक बालबालिकाको निवेदन र बाबु वा आमा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

प्रमुख प्रशासकीय अधिकृत
नेपालगन्ज उप–महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

जानकी गाउँपालिकाको कार्यालय
(नक्शा उपशाखा)
जानकी बाँके

घर नक्सा पास सम्बन्धी सूचना

जानकी गाउँपालिका वडा नं. ६ (गनापुर) बस्ने श्री ग्याविन वायरटेक प्रा.लि.को नाममा दर्ता रहेको साविक वडा नं. गनापुर-१ कि.नं. १८८, सिट नं. ०३५१२५३ क्षेत्रफलः ६७२५.०० व.मी जग्गामा घर निर्माण गर्नका लागि मिति २०८१।०४।१५ मा नक्सासहितको निवेदन पेश गर्नु भएकोले उक्त घरनक्सा पास कार्य परियोजनको लागि प्रक्रिया पूरा गरी स्थलगत सरजमिन बुझ्दा पुर्व- पक्कि बाटो, पश्चिम कि.नं. ७७ , उत्तर कि.नं.१८७ र दक्षिण कि.नं.९० र ७१ को संधियारहरू फिल्डमा उपस्थित नहुनु भएकोले कोही कसैको दावी / विरोध भए आफ्नो स-प्रमाणसहितको यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा जानकारी गराउनुहोला। अन्यथा कानून बमोजिम निजको नाममा घरनक्सा पास भैजाने व्यहोराको सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकिय अधिकृत

श्री गाजी सामुदायिक वन उपभोक्ता समुह
नरैनापुर गा.पा. वडा नं. ५, बाँके

गोलिया काठ तथा दाउरा चट्टा बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

(पहिलो पटक सूचना प्रकाशित मिति २०८१/०९/२३)

विस्तृत सूचना

यस सामुदायिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रका समुहको स्वीकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का.बाँकेको च.नं.२७२७ मिति २०८०/११/३० गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समुहमा आन्तरिक खपत भई बाँकी रहेका काठ दाउरा डि.व.का. बाँकेको च.नं.१७४४ मिति २०८१/०९/२१ को बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल जातका गोलिया थान ६७ को ८०७.३२ घन.फीट काठ र साल जातको दाउरा ४.०० चट्टा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थमा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत सूचना यस समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई सुचित गरिन्छ।

जानकी गाउँपालिकाको कार्यालय
(नक्शा उपशाखा)
जानकी बाँके

घर नक्सा नियमित/अभिलेखन सम्बन्धी सूचना

जानकी गाउँपालिका वडा नं. ३ (मुक्तिपुर) बस्ने श्री हिरा सिंह कठायतको नाममा दर्ता रहेको साविक वडा नं. इन्द्रपुर-३ (क) कि.नं. ४४४५, सिट नं. ३(क) क्षेत्रफलः ०-०-१० व.मी जग्गामा मिती २०८०/०७/०२ मा निर्माण भएको घरको नक्सा नियमित / अभिलेख गरीपाउँ भनि मिति २०८१।०२।७ मा नक्सासहितको निवेदन पेश गर्नु भएकोले उक्त नक्सा नियमित / अभिलेख कार्य परियोजनको लागि प्रक्रिया पूरा गरी स्थलगत सरजमिन बुझ्दा पुर्व कि.नं. ४४४६, पश्चिम कच्चि बाटो, उत्तर कि.नं.४६०८ र दक्षिण कि.नं.४४४४ को संधियारहरू फिल्डमा उपस्थित नहुनु भएकोले कोही कसैको दावी / विरोध भए आफ्नो स-प्रमाणसहि तको यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा जानकारी गराउनुहोला। अन्यथा कानून बमोजिम निजको नाममा रहेको घरको नक्सा नियमित / अभिलेख पास भैजाने व्यहोराको सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकिय अधिकृत

अ

बाँके, बर्दिया, दाङ
अख्तियारको दुरूप
प्रवर्द्धनमा सहयोग प
सम्पर्क नम्बर : ०८
Facebook :
इमेल : ciaan

भ्रष्टचा



समाचार र विचारको स्वतन्त्र संवाहक

kalpristhanews.com

बीमालेख ह□ाएको सूचना

मिति २०८२/०४/२५ गतेका दिन बाँसगढी देखिने पालगन्ज जाने क्रममा मेरो तपसिल बमोजिमको विवरण भएको एसियन लाइफ इन्स्योरेन्स कम्पिनी लिमिटेडको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभाबले नजिकैको प्रहरी कार्यालय वा निम्नलिखित ठेगानामा बुझाईदिनु हुन अनुरोध छ।

तपसील :

नाम : कृष्ण अधिकारी

बीमालेख नं. : ६४१०००० ४१०२, ६४१०००० ४११४

ठेगाना : बाँसगढी नगरपालिका-४, बर्दिया

सम्पर्क नं. : ९८४८०२६२३०

नक्सा पास सम्बन्धी सूचना

नेपालगन्ज उप-महानगरपालिका वडा नं. १ बस्ने श्री टेक्मा कुमारी खड्काले मेरो नाममा दर्ता रहेको बाँके ने.गं.उ.म.न.पा. साविक वडा नं. १ हाल वडा नं. १ को कि.नं. ४९० ज.वि २१६.३८ व.मी. जग्गामा घर निर्माण गर्नका लागि नक्सा इजाजत पाउँ भनि मिति २०८२/०३/१२ मा नक्सासहितको निवेदन पेश गर्नु भएकोले नक्सा पास सम्बन्धी आवश्यक प्रक्रिया पूरा गरी स्थलगत सरजमिन बुझ्दा पश्चिम-रामदेव कान्दु संधियार फिल्डमा उपस्थित नहुनु भएकोले नक्सा पास कार्य रोकिने भएको हुँदा कोही कसैको दावी विरोध भए आफ्नो स-प्रमाणसहितको यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा उपस्थित हुनु होला। अन्यथा कानून बमोजिम निजको नाममा नक्सा पास भैजाने व्यहोराको सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकिय अधिकृत

ब्ल्युबुक हराएको सूचना

मिति २०८१/०९/२४ गते अन्दाजी साझ ५:४० बजे नेपालगन्ज-१०, सुर्खेत रोड औद्योगिक क्षेत्र नजिकबाट मेरो तपसिल बमोजिमको विवरण भएको मोटरसाइकलको ब्ल्युबुक हराएको हुँदा पाउनुहुने महानुभाबले नजिकैको प्रहरी कार्यालय वा निम्नलिखित ठेगानामा बुझाईदिनु हुन अनुरोध छ।

सवारीधनीको नाम: खुमा चौधरी

मोटरसाइकल नं.:

चेसिस नं.: MD626AG71R2AB0237

इन्जिन नं.: BG7AR2XB3426

मोडेल नं.: (NTORQ-123®2024) सवारीको रङ रातो

ठेगाना : पुरैनी-२, बाँके

मोबाइल नं.: ९८६८०२१६७७

भूमी सुधार तथा मालपोत कार्यालय बाँकेबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सूचना।

जिल्ला वाँके खजुरा गा.पा. वडा नं. ७ बस्ने गुलजार खाँको छोरा ना.प्र.नं. ३०७ जारी मिति २०४३।०८।१६ को खलिल खाँले मेरो बाबु गुलजार खाँको मिति २०८१।१२।३१ गते तथा आमा सहरूमा खाँको मिति २०७९।०४।११ मा आफ्नै कालगतिले मृत्यु भई सकेको हुदा बाबु गुलजार खाँ समेतको नाममा संयुक्त दर्ता कायम रहेको बाँके जिल्ला सोनपुर गा.बि.स. वडा नं. ८ को तपसिलमा उल्लेखित कि.नं. हरूको जग्गा नामसारीको लागी भुमी सुधार तथा मालपोत कार्यालय बाँकेमा गई मोठ भिडाउँदा मोठ फाँटवाट श्रेस्ता जिर्ण भनी कैफियत लेखि आएकोमा तपसिलमा उलेखित कि.नं. हरूको जग्गाको जिर्ण श्रेस्ता कायम गरी जग्गा धनीहरू निजामुद्दिम खाँ र रियासत खाँको नाम यथावत राखि मृतक बाबु गुलजार खाँको हकमा म निवेदकको नाममा नामसारी गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेकोमा तपसिलमा उल्लेखित कि.नं. हरूको जग्गामा अन्य कोही कसैको हकभोग लाग्ने भए वा निवेदकको माग अनुसार गर्न नपर्ने भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुद प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

तपसिल:

जिल्ला	गा.वि.स.	वडा नं.	सिट नं.	कि.नं.	क्षे.फ.	दर्तावाला
बाँके	सोनपुर	८ क	-	४३	०-१-८	गुलजार खाँ समेत ३ जना
बाँके	सोनपुर	८ क	-	४४	०-१-८	गुलजार खाँ समेत ३ जना
बाँके	सोनपुर	८ क	-	४५	०-१-७	गुलजार खाँ समेत ३ जना
बाँके	सोनपुर	८ क	-	८०	०-८-१३	गुलजार खाँ समेत ३ जना
बाँके	सोनपुर	८ क	-	८१	०-११-८	गुलजार खाँ समेत ३ जना
बाँके	सोनपुर	८ क	-	८२	०-८-१४	गुलजार खाँ समेत ३ जना

भेरी सहकारी वित्तिय संस्था लिमीटेड

प्रधान कार्यालय नेपालगञ्ज, बाँके

ऋणीहरूलाई कर्जा बुझाउने बारे १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८२/०१/२६ गते

यस संस्थाका तपसिल बमोजिमका ऋणीहरूले उपभोग गर्नु भएको तपसिल बमोजिमका कर्जा संस्थाको शर्त कबुलियत बमोजिम ब्झाउनु पर्ने साँवाब्याज दै-दस्तु□ समेत ब्झाउन आउन पटक पटक, मौखिक, लिखित तथा फोन मार्फत अनु□ोध गर्दा पनि नबुझाई बाँकी बक्यौता □ाखेको हुनाले यो सूचना प्रकाशित गा□एको मितिले **१५ दिन भित्र** संस्थामा तुरुन्त सम्पर्क □ाखी सम्पूर्ण बाँकी साँवा ब्याज दै-दस्तु□ बुझाउन ऋणी □ धितो जमानी दिने समेत लाई यसै सूचनाद्वा□ा सूचित गा□न्छ। उक्त तोकिएको म्याद भित्र बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज दै-दस्तु□ दाखिला नग□मा लुम्बिनी प्रदेश नं.५ को सहका□ी ऐन २०७६ को पा□च्छेद १२ तथा सहका□ी नियमावली पा□च्छेद १२ अनुसा□ संस्थामा □ाखेको धितो लिलामी कार्वाही अघि बढाई बाँकी साँवा, ब्याज दै-दस्तु□ असुल उप□ गा□नेछ। यो बाट पनि बाकी साँवा, ब्याज असुल उप□ हुन नसके सहका□ी ऐन नियमानुसा□ ऋणीको अरू जायजेथाबाट लिलाम गा□ वा अन्य प्रकिया बाट असुल उप□ गा□ने व्यहो□ा समेत सम्बन्धित सबै ऋणीहरूलाई जानका□ी ग□ाइन्छ।

तपशिल:

क्र. स.	ऋणीको नाम + शिर्षक कर्जा नं.	ठेगाना	लगानी मिति	२०८१ चैत्र मसान्त सम्मको साँवा	ब्याज	कैफियत
१	ऋणीको नाम:- **□श्मा पुन** व्यक्तिगत कर्जा नं.०७८/७९	नेपालगञ्ज -५ बाँके	२०७८/०८/०३	५००,१९०	१८०,६६५	
२	ऋणीको नाम:- **बल बहादु□ दमाइ** आवाश कर्जा नं.०७५/१४४	बैजनाथ - ६ बाँके	२०७६/०२/१७	११,०२,४९०	२२९,८२४	
३	ऋणीको नाम:- **□नु थापा क्षेत्री** आवाश कर्जा नं.०७७/०६५	खजु□ा -४ बाँके	२०७७/१२/०२	१७,००,५९०	६८८,४८२	
४	ऋणीको नाम:- **शे□ बहादु□ सुना□** आवाश कर्जा नं.०७७/०७२	बैजनाथ -६ बाँके	२०७७/१२/१७	१५,००,५९०	९३१,५४६	
५	ऋणीको नाम:- **रूपा कुमा□ी बुढा** आवाश कर्जा नं.०७७/०७३	बैजनाथ -६ बाँके	२०७७/१२/२५	१०,००,१९०	२४२,०२२	
६	ऋणीको नाम:- **अमृत बहादु□ बुढा** आवाश कर्जा नं.०७८/०२४	बैजनाथ -५ बाँके	२०७८/०६/१७	२०,००,२००	४६८,९९४	
७	ऋणीको नाम:- **सुर्य बहादु□ सुना□** आवाश कर्जा नं.०७८/०३३	बैजनाथ - ५ बाँके	२०७८/०८/०८	१२,००,६००	६४३,१३९	

ख्तिया□ दुरूपयोग अनुसन्धान आयोगको

कार्यालय बुटवल

सम्पर्क कार्यालय नेपालगन्जको अनुरोध

र रोल्पा जिल्लाका कुनै पनि सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले भ्रष्टचारजन्य कार्यहरू गरी योग गरेमा देहायको ठेगानामा पत्राचार, इमेल, फोन वा फ्याक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन पुऱ्याउनु हुन अनुरोध छ।

८१-५५०६२७, ९८५८०४३८८८, ९८५८०४५७८८, ९८५८०५३४८८

https:®®www.facebook.com®ciaa.nepalgunj-3

epalgunj@gmail.com **फ्याक्स :** ०८१-५५०४२६

आयोगको हटलाइन नम्बर १०७ (पैसा लाग्दैन)

□ विरूद्धको सहकार्य : सुशासनका लागि अप□हार्य

क्याप्सन: लुम्बिनी कप महिला फुटबलको लोगो सार्वजनिक गर्दै मन्त्री चौधरी(बिचमा)। तस्विर: कमल खत्री